

म्याग्दीको बेनी नगरपालिका २ ज्यामरुककोटको भकुण्डेमा केराको थामको रेसा निकालेर सेनेटरी प्याड र कपडा बनाउन सिकाउने तालिममा रेसा निकाल्न र प्याड बनाउन सिक्दै तालिमका सहभागी महिलाहरु । तस्बिर : ध्रुवसागर शर्मा/रासस

# धाइरिङमा सिँचाइ आयोजना सम्पन्न

पर्वत, १६ जेठ (रासस) । पर्वतको जलजला गाउँपालिका-७ धाइरिङमा सञ्चालित लुङ्दीखोला- भेडावारी-दुलेपानी सिँचाइ आयोजना सम्झौता अवधिभन्दा ११ महिनाअगावै सम्पन्न भएको छ । सिँचाइ विकास डिभिजन कार्यालय पर्वतले १९ महिनामा निर्माण सम्पन्न गर्न २०८० भदौमा रु ९२ लाख ७७ हजारमा ठेक्का सम्झौता गरेको थियो ।ठेक्का सम्झौता भएको आठ महिनामै काम सम्पन्न भएर सिँचाइ योजनामा पानी सञ्चालन गरिएको सिँचाइ नहर उपभोक्ता समितिका अध्यक्ष चक्रपाणि पौडेलले जानकारी दिनुभयो । निर्माण व्यवसायीको सक्रियता, उपभोक्ताको जागरुकता र कार्यालयका तर्फबाट नियमित रूपमा सुपरीवेक्षण भएकाले काम थालेको आठ महिनामै पानी सञ्चालन गर्न सफल भएको उहाँले बताउनुभयो । सिँचाइ योजनाबाट यस क्षेत्रका करिब एक सय घरधुरीको झण्डै एक हजार रोपनी खेतबारीमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको छ ।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको योजना जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय पर्वतले ठेक्कामार्फत कार्यान्वयन गरेको हो । भेडाबारीबाट एक हजार आठ सय मिटर टाढा रहेको ढल्केको टाकुरा नजिक रहेको लुङ्दीखोलाबाट पानी ल्याइएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका इन्जिनियर रामचन्द्र तिमिल्सिनाले बताउनुभयो । उहाँका अनुसार मुहानमा इन्टेक, दुई स्थानमा क्रसिङ पुल र चारवटा वितरण च्याम्बर निर्माण गरी नहर विस्तार गरिएको छ । योजनामा कुलोको मुहानबाट भेडाबारीसम्म एक हजार आठ सय मिटर दूरीको पाइप लाइन जडान गरिएको छ । कमजोर भूभागका कारण नहर बनाउन असम्भव भएकाले पाइप लाइन जडान गर्दा सिँचाइ योजना दिगो हुने आशा गरिएको इन्जिनियर तिमिल्सिनाले बताउनुभयो । योजनामा पानी सञ्चालनमा आए पनि केही काम बाँकी रहेको र बजेटको अभावमा निर्माण व्यवसायीलाई करिब रु ७० लाख भुक्तानी गर्न बाँकी रहेको उहाँले जानकारी दिनुभयो ।

विगत पाँच वर्षअघि मिलनचोक-सल्यना-घायखेत-धारापानी-ठोटनेरी सडक निर्माणका क्रममा पहिरोले क्षति पुर्‍याएपछि गण्डकी प्रदेश सरकारले चालु आवमा बजेट विनियोजन गरेर पुनःनिर्माण गरेको हो । सिँचाइ नहर पुरिएपछि यस क्षेत्रका किसानले अकाशे पानीका भरमा खेती गर्दै आएका थिए । तरकारी पकेट क्षेत्रसमेत रहेको यहाँ सिँचाइको अभावमा तरकारी उत्पादनमा समेत कमी आएको थियो । सिँचाइ योजना सम्पन्न भएसँगै भेडाबारी, दुलेपानी र लामाबगरका किसानहरू खेतमा सिँचाइ गर्न पाएपछि खुसी भएका छन् । सिँचाइ नहुँदा बाँझै भएको जमिनमा खनजोत गरेर बालीनाली लगाउन थालेको जलजला गाउँपालिका-७ का वडाध्यक्ष टुङ्गनाथ आचार्यले बताउनुभयो ।

# ‘सेवा लिन घण्टौँ लाममा उभिनुपर्ने दिन गए’

**रामबहादुर थापा र सन्तोष गौतम**

गण्डकी, १७ जेठ /रासस ।: एक समय यस्तो पनि थियो, कास्कीको यातायात व्यवस्था कार्यालय (सवारी)मा सवारीसाधन दर्ता प्रमाणपत्र (ब्लूबुक) नवीकरणका लागि घण्टौँ लाममा उभिनुपर्थ्यो । चारवटा लाइन पार गरेपछि बल्ल सेवाग्राहीले पालो पाउँथे । लाममा उभिँदाउभिँदै समय घर्के अर्को दिन कुर्नुपर्थ्यो । बोझिलो र झण्झटिलो सेवा प्रवाहबाट सेवाग्राही आजित थिए ।

पछिल्लो समय सो कार्यालयमा सेवा लिन जाने सेवाग्राहीले पहिलेको झैँ सास्ती व्यहोर्नुपर्दैन । सेवा प्रवाहको अवस्थामा सुधार आएको छ । राज्यले दिने सार्वजनिक सेवालाई व्यवस्थित र प्रविधिमैत्री बनाउँदा कति फरक पर्छ भन्ने एउटा उदाहरण उक्त कार्यालय पनि बनेको छ । सो कार्यालयबाट मोटरसाइकल नामसरी र नवीकरणको काम २० मिनेटमा सिध्याएर घर फर्किएको म्याग्दीको बेनी नगरपालिका-२ का नारायण थापाले बताउनुभयो ।“पहिले चारवटा लाइनमा तीन-चार घण्टा उभिएपछि बल्ल पालो आउँथ्यो, अहिले एकद्वार प्रणालीबाट सबै काम भयो”, उहाँले भन्नुभयो, “कर तिर्न बैंक जानुपर्ने, भौचर ल्याएर कार्यालयमा बुझाउनुपर्ने झण्झट पनि हटेको छ ।” कार्यालय प्रमुख डिल्लीराम रिज्यालका अनुसार उक्त कार्यालयमा दैनिक सरदर सात सय जनाले सेवा लिने गर्छन् । यसमध्ये सवारीसाधन नवीकरण गर्न आउनेको सङ्ख्या झण्डै पाँच सय हुन्छ ।

“नवीकरण प्रक्रियालाई छरितो बनाइएको छ, सफ्टवेयर प्रणालीबाट करको हिसाब हुन्छ, २०६० सालयताका सबै करका दरलाई सफ्टवेयरमा राखिएको छ”, उहाँले भन्नुभयो, “१५/२० मिनेटभित्रैमा ब्लू बक नवीकरणको काम हुन्छ ।” पहिले कर तोक्न, बैङ्कमा भौचर जम्मा गर्न, सवारी दर्ता प्रणालीमा दर्ता गर्न र नवीकरणका लागि गरी चारठाउँमा लाइन बस्नुपर्ने बाध्यता थियो । कार्यालय प्रमुख रिज्यालले सवारीसाधनको दर्ता तथा नवीकरणको प्रकृयालाई पनि चुस्त बनाइएको बताउनुभयो । यातायात नियमावली जारी भएपछि सेवा प्रवाहमा थप सहजता थपिएको उहाँको भनाइ छ । ‘ब्लू बुक’को प्रतिलिपि सवारीचालक अनुमति पत्र, राष्ट्रिय परिचयपत्र आदिका आधारमा पनि दिने मिल्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो । “आन्तरिक रेकर्ड व्यवस्थापनमा उल्लेख्य सुधार भएको छ, कार्यालयमा रहेका सवारीसाधनका सबै ढड्डा र फाइललाई विद्युतीय अभिलेखीकरण गरिएको छ”, उहाँले भन्नुभयो, “फाइल तथा ढड्डा नभेटिएपनि डिजिटल कपीबाट सेवाग्राहीलाई सिवा दिँदै आएका छौँ ।”

कार्यालयमा दर्ता भएका सवारीसाधनको विवरण र अभिखेल विद्युतीय प्रणालीमा राख्न सुरु गरिएपछि सम्बन्धित सवारीधनीले आफ्नो फाइल घरमै लैजान थालेका छन् । पुराना फाइललाई पनि घरमै लगेर राख्न सकिने व्यवस्था मिलाइएको छ । “सवारीसाधन दर्ता र नवीकरणसम्बन्धी सेवालाई छिटो, झन्झटमुक्त र अभिलेखलाई व्यवस्थित बनाउन कार्यालयलाई फाइल तथा ढड्डामुक्त बनाइएको छ”, कार्यालय प्रमुख रिज्यालले भन्नुभयो । उहाँले देशमै पहिलो पटक उक्त कार्यालये तीन लाख बढी सवारीसाधनको विद्युतीय अभिलेख राखेको बताउनुभयो । फाइल तथा ढड्डालाई ‘स्क्यान’ गरेर सफ्टवेयरमा राखेपछि सेवा प्रवाह प्रभावकारी बनेको उहाँको भनाइ छ । “विद्युतीय अभिलेखीकरण भएपछि फाइल, ढड्डा हराउने, सेवाग्राहीलाई असहजा हुने अवस्थाको अन्त्य भएको छ,” उहाँले भन्नुभयो “दराजमा राखिएको फाइल भेटिएन भने तत्काल डिजिटल अभिलेख हेरेर सेवा दिएर पठाउने गरेका छौँ ।” कार्यालयमा जडान भएको ‘ट्रान्सपोर्ट म्यानेजमेन्ट सफ्टवेयर’मा कर हिसाब फिचर राखेर छिटो र विश्वसनीय सेवा दिइएको रिजालले बताउनुभयो । फाइल र ढड्डा खोज्दा हुने समयको बचत, जनशक्तिलाई कामको भार कम पर्ने र कार्यालय व्यवस्थित बनेको छ। पुराना फाइल सम्बन्धित सवारीधनीलाई फिर्ता गर्न थालिएको छ । कार्यालयले नयाँ दर्ता हुने सबै सवारीसाधनलाई इम्बोष्ट नम्बर प्रणाली राख्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । सवारीसाधनको प्रदुषण चेकजाँच गरेर मात्र जाँचपास दिन सुरु गरिएको छ । सवारीसाधनबाट उत्पन्न हुने प्रदुषण मापनका लागि उपकरणको प्रबन्ध गरेर कार्यालयले सो सेवा दिन थालेको हो ।

बागलुङ, नवलपुर र डुम्रेमा रहेको यातायात व्यवस्था कार्यालयका फाइल र ढड्डाको पनि विद्युतीय अभिलेख राख्ने कार्य सुरु भएको गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ । “कास्कीसँगै क्रमशः अरु जिल्लामा रहेका यातायात व्यवस्था कार्यालयमा पनि विद्युतीय अभिलेखीकरणको काम सुरु गरिएको छ, यातायात कार्यालयको सेवालाई प्रविधिमैत्री बनाउँदै लगिएको छ”, मन्त्रालयको यातायात महाशाखा प्रमुख प्रदीपकुमार रेग्मीले भन्नुभयो ।उहाँका अनुसार मन्त्रालयले चालु आवमा बागलुङ र नवलपुरको दर्ता भएका सवारीसाधनको अभिलेखलाई डिजिटाइज्ड गर्न दस/दस लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो । “बागलुङमा तीस हजार र नवरपुरमा १५ हजार बढी सवारीसाधन दर्ता भएका छन्”, उहाँले भन्नुभयो, “यस वर्ष दुवै कार्यालयलाई सवारीसाधनको ढड्डा र फाइलमुक्त बनाउने तयारीमा छौँ, डुम्रेको कार्यालयमा दर्ता भएका सवारीसाधनको संख्या कम भएकाले कार्यालयकै जनशक्तिमार्फत डिजिटलाइजेसनको काम हुन्छ ।”यातायात व्यवस्था कार्यालय बागलुङका प्रमुख गुमादेवी शर्माले रुट इजाजत र जाँचपासबाहेकका सेवा अनलाइन प्रणालीबाट दिन थालिएको बताउनुभयो । “पुराना फाइल र ढड्डालाई सफ्टवेयरमा प्रविष्ट गर्ने काम भइरहेको छ, दर्ता र नामसरीको काम गत फागुनदेखि अनलाइनमार्फत भइरहेको छ”, उहाँले भन्नुभयो, “नवीकरणको काम पहिलेभन्दा छिटोछरितो भएको छ, राजश्व तिर्ने समय पनि एक घण्टा थप गरिएको छ ।”सवारी चालक अनुमती पत्र (लाइसेन्स) सम्बन्धी सबै सेवा अनलाइनबाट लिन सकिने उहाँको भनाइ छ। “लाइसेन्सको आवदेनका लागि कार्यालय धाउनु पर्दैन, अनलाइनबाटै दिन सकिन्छ, चालकले आफ्नो ‘लाइसेन्स’ आए/नआएको पनि वेभसाइटमा हेर्न सक्छन्”, उहाँले भन्नुभयो, “सबै सेवाग्राहीको बायोमेट्रिक विवरण अनलाइन प्रणालीमा राखिएको छ, सवारीसाधनको ब्लू बुक पनि अनलाइनबाटै नवीकरण हुन थालेको छ ।”


## Section I

## Bandipur Rural Municipality

**Office of the Rural Municipal Executive**
**Bandipur, Tanahun**
**Gandaki Province, Nepal**

## Invitation for Sealed Quotation

**Date of publication: 2081/02/18**

1. The Bandipur Rural Municipality invites *sealed* quotations from eligible bidders for the procurement of Medical Equipment ***under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.***
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bandipur Rural Municipality, Bandipur , Tanahun, telephone: **9856003111, 9856041534,** and email: **health.bandipurmun@gmail.com.**
3. A complete *set* of Bidding Documents may be purchased from the Bandipur Rural Municipality, Bandipur, and Tanahun by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs. 1000 till 2081/02/32** During office hours. Bid security amount of sealed quotation should be as mentioned on the table below for each quotation and the eligible bidder should submit the original voucher with bid document or submit equivalent bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law having validity period of 75 days for sealed bid in the following Security deposit (Dharauti) account as specified below.

**INFORMATION TO DEPOSIT THE COST OF BIDDING DOCUMENT AND BID SECURITY IN BANK:**
**Name of the Bank: NIC ASIA BANK, DUMRE BRANCH.**

- Name of Office: Bandipur Rural Municipality
- Rajaswa (revenue) title no. : 14229
- Rajaswa (revenue) Ac.Name : sthaniya taharajaswo khata-bandipur gaa.paa
- Rajaswa (Revenue) account no : **1464150026912002**
- Security deposit (Dharauti) Acc Name: sthaniya taha dharauti khata-bandipur gaa.paa
- Security deposit (Dharauti) Acc No: **1462050026912010**
- Office code no: **80538505300**

4. The quoted rates for each item in quotation must be clearly written in both numeric value and words. If the quoted rates differ in numeric value and words, preference will be given for the rates quoted in words. Authorized signature of the bidder is must for any corrections made.
5. Sealed quotation must be submitted to the Administration section, Bandipur Rural Municipality, Tanahun by hand/courier before 12:00 PM on 2081/03/01 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM, 2081/03/01 at the Bandipur Rural Municipality, Store section, Tanahun.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject any or all the bids without assigning reason, whatsoever. Any intimidation, collusion and curtailing during bidding process shall be punishable by law. The quantities specified in BOQ can be modified as per requirement.
9. Other matters regarding the bidding process should be as per prevailing law of Government of Nepal.
10. The address referred above as follows: Bandipur Rural Municipality, Office of the Municipal Executive, Bandipur, Tanahun.

| SN | IFB NO: | Description | Bid Security Amount | Bid Document Price | Total Estimated amount including Vat | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 2/080/081 Health | Procurement of Laboratory Machine and Medical Equipment | NRs. 37500.00 (Thirty Seven thousand Five Hundred only) | NRs. 1,000.00 (Non Refundable) | NRS.1500000।- | |



